# अल्पकालिन सेवा केन्द्र संचालन (कार्यविधि) मापदण्ड

## २०७५

घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दाङ

# अल्पकालिन सेवा केन्द्र संचालन (कार्यविधि) मापदण्ड २०७५

## १. भूमिका

लैंगिक हिंसा सामाजिक चिन्ताको विषय बनिरहेको छ । लैंगिक हिंसाबाट प्रायः महिला नै प्रभावित हुने गरेका छन् । कतिपय प्रभावित महिला एक्कासी घरबाट निकालिने गरेको र कहीँ कतै गास-बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ । महिला हिंसाविरुद्ध शून्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले, परिवारका सदस्यजनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ । सँगसँगै प्रभावित महिलालाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

घरेलु हिंसा(कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ र नेपालको संविधान २०७२ ले गरेको व्यवस्थानुसार घोराही उपमहानगरपालिकाले विशेषगरी यस उपमहानगरपालिकाको कार्यक्षेत्र भित्र र सदरमुकाममा वसी सेवा लिनुपर्ने गरी अन्य निकायवाट आपतकालिन अवस्थामा सम्प्रेशण भई आएका लैगिक हिंसाबाट पीडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुविधा पुऱ्याउनको लागि सेवाकेन्द्र संचालन कार्यक्षेत्रगत शर्त २०६६ र अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त २०७४ को अधिनमा रही यो अल्पकालिन सेवा केन्द्र संञ्चालन मापदण्ड तयार गरिएको छ ।

२. उद्देश्य

घोराही उपमहानगरपालिका न्यायीक समिति अन्तर्गत सहकारी संस्था निगरानी समुहको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोचबाट प्रभावित महिलाका लागि छिमेकी सहयोग एवं समुदायदेखि नै सदर मुकामसम्मका यथाशक्य उपचारात्मक सेवाहरू सुलभ गराएर न्याय दिलाउनु अल्पकालिन सेवा केन्द्रको उद्देश्य हो ।

३ संक्षिप्त नाम र प्रारम्भ :

३.१ यी मापदण्डको नाम अल्पकालिन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७५ रहेको छ ।
३.२ यी मापदण्ड घोराही उपमहानगरपालिका प्रमुखज्यूबाट स्वीकृत हुनसाथ लागु हुनेछ ।

## ४. परिभाषा

क "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ख "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ र सो शव्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

ग "समन्वय समिति" भन्नाले अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त २०७४ निर्देशिकाको दफा १२ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

घ "निर्देशन समिति" भन्नाले अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त २०७४ निर्देशिकाको दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ

ङ. स्थानीय तह भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनु पर्ने छ ।

च.अल्पकालिन सेवा केन्द्र भन्नाल घरेलु हिंसा महिला सेवा केन्द्र सम्झनु पर्ने छ ।

**४.कार्यक्षेत्र**

(क)सस्थानीय तहको समन्वय समितिले अन्य तोकेकोमा बाहेक, सुरक्षित अल्पकालिन सेवाकेन्द्रको कार्यक्षेत्र हालको स्थानीय तहको कार्यक्षेत्र हुनेछ ।

## ५.कार्यजिम्मेवारी

सुरक्षित अल्पकालिन सेवा केन्द्रहरूको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताबिकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालीन आश्रय सञ्चालन गर्ने ।

(ख) खण्ड (क) बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार स्थानीयस्तरमा नै प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरू प्रदान गर्ने :

- लागेको चोटपटकको औषधोपचार ।

- मनोसामाजिक विमर्श ।
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा ।
- कानुन कार्यान्वयन गर्ने निकायहरूसँग सम्पर्क सेवा र।
- समन्वय समितिले तोकेका अन्य सेवा ।

(ग) गम्भीर प्रकृतिको घटना भएको वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार खण्ड (ख) बमोजिमका सेवा प्रदान गर्ने ।

(घ) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका हकमा पनि आवश्यक सेवा दिने ।

(ङ.) सेवाप्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापनाका लागि संप्रेषकलाई समन्वय गरी फिर्ता गर्ने ।

(च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भै थप मनोसामाजिक विमर्श आवश्यक परेमा,कानुनी उपचार चाहेमा सेवा केन्द्र संचालन गर्ने संस्थाले स्थानीय तहमा अनुरोध गर्ने ।

(छ) फिर्ता सम्प्रेषित प्रभावित महिलाको अवस्थाअनुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरण लगायतमा यथाशक्य सहजीकरण सम्वन्धित स्थानीय तहले गर्ने ।

(ज) स्थानीय तहका निगरानी समुह ,समिति संस्था अन्य संघसंस्थासंग,निरन्तर सम्पर्क समन्वय गर्ने ।

(झ) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न स्थानीय सेवा-प्रदायकमाझ अधिवाचन एवं सञ्जालीकरण गर्ने ।

(ञ) सेवाकेन्द्रको मासिक,चौमासिक र वार्षिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार गरी महिला बालबालिका तथा सामाजिक शाखामा पेश गर्ने ।

(ट) लैंगिक हिंसाको रोकथामकालागि अनि घटनाघटि हालेको खण्डमा छिमेकीका नाताले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने ।

(ठ) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बारे प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकताअनुसार न्यायीक समितिवाट गर्ने ।

(ड) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई उपमहानगरपालिका समन्वय समिति ले तोकेका अन्य कार्य गर्ने ।

(ढ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको प्रभावित महिलाका हकमा जीविकोपार्जन अनुदान को रूपमा आर्थिक सहायता दिन कोषको व्यवस्थाको लागि सम्वन्धित स्थानीय तह समन्वय समितिले प्रक्रियामा लाने ।

(ण) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई उप महानगरपालिकापालिका समन्वय समितिले तोकेका अन्य कार्य गर्ने ।

## संचालन मापदण्ड

१ सेवा केन्द्रले अनाथ, असहाय, हिंसा प्रभावित तथा जोखिममा परेका महिला तथा बाल बालिकाहरुको लागि कपडा, खाद्यान्न, मनोसामाजिक विमर्श लगायतको सहयोग उपलब्ध गराई सुरक्षित अल्पकालिन आश्रय सहितको सेवा केन्द्रमा संरक्षण सम्बर्द्धन गर्नुपर्ने छ ।

२ सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्र सञ्चालनका लागि सोसँग सम्बन्धित आबश्यक क्रियाकलापको विस्तृत विवरण घोराही उपमहानगरपालिका समक्ष पेश गर्नुपर्ने छ ।

३. सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्रमा लैगिक हिंसा प्रभावितलाई सेवा दिन वा आश्रय दिनको लागि घोराही उपमहानगरपालिकासंग स्वीकृत लिइ तोकिएको आदेश अनुसार राख्ने र आबश्यक क्रियाकलापको विस्तृत विवरण पेश गर्ने ।

४. सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्र सञ्चालनमा आएको प्रभावितको विवरण तुरुन्त घोराही उपमहानगरपालिका लाई जानकारी दिई कुन स्थानीय तहको हो सम्वन्धित स्थानीयतहमानै संम्प्रेशण गर्न पेश गर्नुपर्ने ।

५. घोराही उपमहानगरपालिकाको १९ वडा भन्दा बाहीरको प्रभावितलाई सेवा दिनु पर्दा वा सेवाकेन्द्रमा आश्रय दिनु पर्ने भएमा घोराही उपमहानगरपालिकाको न्यायिक समितिवाट स्वीकृत लिएर मात्र राख्नु पर्ने । र सम्वन्धित जिल्लाको स्थानीय निकायमा संम्पेशणको लागि प्रक्रियामा लानु पर्ने ।

६. घोराही उपमहानगरपालिकाले आवश्यकता अनुसार नियमित अनुगमन गर्न सक्नेछ र मासिक रुपमा कार्यविवरण लिनु पर्ने।

७. कार्यक्रम सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन, विल भर्पाई सम्वन्धीत स्थानीय तह समक्ष पेश गर्नुपर्ने छ।

८. रकम भुक्तानी माग गर्दा सम्बन्धित महिला संस्थाको सिफारिस पेश गर्नुपर्ने छ। (सामुदायिक सेवा केन्द्रको हकमा)

९. घोराही उपमहानगरपालिकाबाट उचित विलभरपाईको आधारमा रकम उपलब्ध गराउने।

**६.सेवा लिने प्रकृया /सम्प्रेषण**

क. पीडित महिलाको मौखिक वा लिखित निवेदन लिने (ख) सेवा केन्द्रको कार्यक्षेत्र भित्रका महिला संस्था वा अन्तर्गतको समितिको तर्फबाट सिफारिस भै आएको ; (ग) खण्ड (ख) मा उल्लिखित समिति, संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसँग समन्वयमा कार्य गरेको सामुदायिक संस्था तर्फबाट।

(घ) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको तर्फबाट ।

(ड.) कार्यक्षेत्रबाहिरका प्रभावित महिला को हकमा पालिका समन्वय समिति को विशेष निर्णयको आधारमा महिला बालबालिका तथा सामाजिक शाखाको तर्फबाट ; सम्प्रेषकको तर्फबाट सेवा केन्द्रमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनुपर्दछ र प्रभावित महिला सँगै बालबालिका पनि भए उनीहरूको विवरणसमेत खुलाउनु पर्दछ। माथि जुनसुकै वुदा लेखिएतापनि सम्वन्धित स्थानीय तहको स्वीकृत लिएरमात्र सेवा दिनु पर्नेछ।

**७ अवधि**

प्रभावित महिलाका हकमा सेवा केन्द्र अन्तर्गत ३० दिनसम्म र विशेष अवस्थापरेमा नगरपालिकाअन्तर्गत समन्वय समितिले विशेष निर्णय गरेकोमा थप १५ दिन गरी जम्मा ४५ दिन सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ।

सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिला लाई माथि उल्लिखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ। प्रभावित महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ।

**८.अल्पकालीन सेवा केन्द्रका लक्षित वर्ग ।**

अल्पकालीन सेवा केन्द्रमा आश्रय लिन सक्ने लक्षित वर्ग देहाय बमोजिम हुनेछः-

▪घरेलु हिंसा पीडित तथा पीडित सँग आश्रित नाबालक।

▪लैंगिक हिंसा पीडित तथा पीडित सँग आश्रित नाबालक।

## ९. आवासको मापदण्ड

(क) परिसर

- आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ :
- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको;
- हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको।
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान।

(ख) आवास गृह

- आवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्दछ
- दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरू;
- प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्रि कोठा ;
- मनोसामाजिक विमर्श का लागि छुट्टै कक्ष;
- शौचालय तथा स्नान कक्ष; पानी; नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;

(ग) लुगाफाटो

भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी ,कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने लुगा नभएकालाई एकसरो लगाउने लुगा।

(घ) खानेकुरा

दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा,दिउँसो खाना,बेलुकी खाना; बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना ,

ङ. स्वास्थ्योपचार स्थानीय तह समन्वय समिति ले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिला को स्वास्थ्योपचार गराउनुपर्दछ ।

स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ : प्राथमिक उपचार बाकस,समस्या हेरी नियमित उपचार,आकस्मिक उपचार बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप

च) मनोसामाजिक विमर्श

स्थानीय तह समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counsellor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा; संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

(छ) कानुनी सेवा

देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र
- प्रभावित महिलाले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

(ज) सञ्चालन

केन्द्रका सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

- प्रभावित महिला लाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित

झ) आचारसंहिता;

- प्रभावित महिला को पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही
- निर्देशन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।
- अल्पकालीन सेवा केन्द्रमा सेवा लिने पीडितको गोपनीयता कायम राख्ने

(झ) जनशक्ति

- केन्द्र प्रमुख, एकजना, व्यवस्थापक एकजना, चौकीदार एकजना र [आंशिक समय] भान्छे, सरसफाइकर्मी आवश्यकता अनुसार र
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलब्ध हुने गरी सम्पर्कमा रहने ।

तलव : केन्द्र प्रमुख, एकजना यातायात मासिक ५०००। ,

व्यवस्थापक एकजना, मासिक १२००० । देखी सम्म १५०००। वस्न खानको व्यवस्था हुनेछ ।

चौकीदार एकजना मासिक रु ४०००। सम्म । उक्त वजेट नगरपालिकावाट व्यहेर्नु पर्ने छ ।

(ञ) अभिलेख

केन्द्रले देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

- प्रभावित महिलाको नाम दर्ता किताप;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताप;
- प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;
- निर्देशन समितिको निर्णय किताप;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र प्रगति प्रतिवेदन,अनुसरण रेकड

- समन्वय समिति ले तोकेको अन्य अभिलेख ।

## १०. खर्चका मानक

क) सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

ख) घर भाडा : केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडाबापत साधारण तया समन्वय समितिले घर हेरी स्वीकृत गरेको रकम;

ग) मालसामान : डस्ना, पर्दा, खाट, विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मलसामान मध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी साधारणतया रु. ५०,००० हजार ननाघ्ने गरी समन्वय समिति ले औचित्यका आधारमा स्वीकृत गरेको रकम;

घ) औषधोपचार : समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा [बिरामी तथा कुरुवासमेतको जोडेर] निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

ङ.) सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. २,००० सम्म;

च) अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३०० गरी जम्मा रु. ६,५०० सम्म;

छ) विशेष अवस्थामा समन्वय समिति ले विशेष निर्णय गरेकोमा थप रु. ४,००० सम्म;

**११. कानुनी उपचार :**

(क) एक जना साथीसमेत कानुनी निकाय तथा सिफारिसमा अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा बापत [साथीसमेतको जोडेर] निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च समन्वय समितिले आवश्यक्ता महशुस गरेको खण्डमा

(ख) सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०० सम्म ) विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु. २,५०० सम्म;

(ग) फुटकर : अल्पकालीन आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्चबापत प्रतिव्यक्ति दैनिक रु. १५;

(घ) फिर्ता सम्प्रेषण : फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. ५० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ३००,

(ङ) खानेकुरा : अल्पकालीन आश्रयमा रहेको अवधिभरि प्रभावित महिला दैनिक रु. ३००;

(च) मनोसामाजिक विमर्श : प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. १,००० सम्म;

(छ) लुगाफाटो : प्रभावित महिला को कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने अत्यावश्यक लुगाफाटो किन्न प्रतिव्यक्ति रु.१५०० सम्म, समन्वय समितिले आवश्यक ठानेमा

(ज) जीविकोपार्जन अनुदान : कोष खडा गर्नु पर्ने

(झ बैठक खर्च :समितिको बैठक सञ्चालन खर्चबापत अधिकतम रु. ३६,००० ।

**१२. समन्वय समितिः र १३ निर्देशन समिति** अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त २०७४ वमोजिमनै निम्नानुसार रहनेछ ।

**१२. समन्वय समितिः**

अध्यक्षः स्थानीय तह प्रमुख ।

सदस्य : उप प्रमुख

सदस्य : कार्यकारी अधिकृत

सदस्य : प्रहरी प्रमुख

सदस्य : स्वास्थ शाखा प्रमुख

सदस्य : कानुन अधिकृत

सदस्य : शिक्षा शाखा प्रमुख

सदस्य : सम्वन्धित शाखा प्रमुख

सदस्य  गै.स.स.  महिला अधिकार कर्मि

सदस्य  सचिवः सामाजिक विकास शाखा प्रमुख

**१३ निर्देशान समिति**

सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा-प्रदायकमाझ सहकार्यलाई बढावा दिन समेत स्थानिय तह समन्वय समितिबाट देहायबमोजिमको एक निर्देशन समिति गठन गरिनेछ

महिला,बालबालिका तथा सामाजिक शाखा प्रमुख :– संयोजक

कानुन, प्रहरी , स्वास्थ्य र शिक्षा शाखाका अधिकृत प्रतिनिधि :– सदस्य

महिला अधिकारकर्मी, संचारकर्मि, लैङ्गिक हिंसाविरुद्ध कार्यरत गैससबाट समन्वय समितिले मनोनयन गरेका तीनजन :– सदस्य

सेवा केन्द्र सञ्चालक महिला संस्थाका अध्यक्ष :– सदस्य सचिव

१४ सामुदायिक सेवा केन्द्र :सामुदायिक सेवा केन्द्रको हकमा सम्बन्धित महिला संस्थाको सञ्चालक समितिले नै निर्देशन समितिको कार्य गर्नेछ तर निर्देशन समितिको रूपमा डाकिएको सञ्चालक समितिको बैठकमा देहायका व्यक्तिलाई नित्य आमन्त्रित गर्नुपर्दछ :

(क) सामुदायिक सेवा केन्द्रको कार्यक्षेत्रका महिला संस्थाका अध्यक्षहरू;

(ख) सामुदायिक सेवा केन्द्रको कार्य क्षेत्रका कानूनी उपचार सहायता समिति Para Legal Committee का अध्यक्षहरू र

(ग) सञ्चालक समितिले विशेष गरी पुरुष सल्लाहकार, अभियन्ता, शुभचिन्तकहरू मध्येबाट सर्वसम्मतिले मनोनयन गरेका ३-५ जनासम्म

;